विदुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
प्रदेश नं. ३, नेपाल

# आवश्यकता

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७५/०४/२०**

विदुर नगरपालिका, नगरकार्यपालिकाको लागि देहायको संख्या र योग्यता भएको कर्मचारीहरु सेवा करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको ५:०० बजेसम्म यस कार्यालयको नाममा रहेको ने.बै.लि. त्रिशुली शाखामा रहेको खाता नं. ०२६०३०००००००४००१०६७ मा रकम दाखिला गरेको बैंक भौचर वा कार्यालयमा नगदै बुझाएको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त पदको लागि दरखास्त फाराम कार्यालयको वेभसाईट www.bidurmun.gov.np बाट उपलब्ध हुनेछ ।

| सि.नं. | पद नाम | संख्या | सेवाको किसिम | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|
| १ | सिभिल ईञ्जिनियर | १ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट B.E. in Civil Engineering |
| २ | सव ईञ्जिनियर | १ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Civil Engineering |
| ३ | असिस्टेन्ट सव ईञ्जिनियर | १ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट TSLC उतीर्ण गरेको |
| ४ | सूचना प्रविधी सहायक | १ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा Diploma Engineering गरेको |
| ५ | अमिन | १ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC सो सरह उतीर्ण गरी कम्तिमा १८ महिना आधारभूत नापी तालिम हासिल गरेको, |
| ६ | कृषि प्राविधिक (ना.प्रा.स.) | २ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि जे.टी.ए/TSLC उतीर्ण गरेको |
| ७ | पशु सेवा प्राविधिक (ना.प्रा.स.) | १ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु बिज्ञानमा जे.टी.ए./TSLC उतीर्ण गरेको वा सो सरह |
| ८ | अ.न.मी. | १ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. परिक्षा उत्तर्णि गरेको |
| ९ | अ.हे.व. | १ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब. परिक्षा उत्तर्णि गरेको |
| १० | कार्यालय सहयोगी | १ | करार | साधारण लेखपढ गर्न सक्ने |
| ११ | हलुका सवारी चालक | २ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण |
| १२ | हेभी सवारी चालक | २ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट ८ कक्षा वा सो सरह उत्तीर्ण |
| १३ | प्लम्बर | १ | करार | सम्बन्धित बिषयमा कम्तिमा १ महिनाको तालिम प्राप्त |
| १४ | नगर प्रहरी | २० | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण, शारिरीक रुपले तन्दुरुस्त |

उपरोक्त पदहरुमा दरखास्त पेश गर्नका लागि कुनै पनि फौजदारी अभियोग नलागेको तथा कुनै कानुनले अयोग्य नभएको नेपाली नागरिक हुनुपर्नेछ ।

**दरखास्त दस्तुरः** रु १०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी

**दरखास्त दिने स्थानः** विदुर नगरकार्यपालिकाको कार्यालय, विदुर, नुवाकोट

**दरखास्त दिने अन्तिम मितिः-** २०७५/०५/०३ गते कार्यालय समयभित्र

**सम्पर्क मितिः** २०७५/०५/०४ गते २ बजे भित्र

**तलब स्केलः** नेपाल सरकारबाट तोकिएको स्केल बमोजिम हुनेछ ।

**परिक्षाको किसिम तथा छनौट विधीः**

सि.नं. ८,९, १० र ११ को हकमा अन्तर्वार्ता तथा प्रयोगात्मक र अन्यको हकमा लिखित तथा अन्तर्वार्ता

उमेरको हदः दरखास्त दिने अन्तिम मिति सम्ममा १८ बर्ष पूरा गरी ३५ बर्ष ननाघेका हुनुपर्नेछ । महिला तथा अपांगहको हकमा भने ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :**

(क) शैक्षिक योग्यता तथा लब्धांकपत्रका प्रतिलिपीहरु चारित्रिक प्रमाणपत्रका प्रतिलिपीहरु (ख) र नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी (ग) अनुभव तथा तालिमका प्रमाणपत्रका प्रतिलिपी (घ) सि.नं. ८ र ९ को लागि सम्बन्धित काउन्सिलमा दर्ता नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपी (ङ) यस कार्यालयमा दरखास्त दस्तुर बुझाएको नगदी रसिद वा रकम दाखिला बैंक भौचर पेश गर्नुपर्नेछ । प्रमाणपत्रको प्रतिलिपीमा उम्मेदवार स्वयम्ले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गर्नुपर्नेछ ।

थप जानकारीका लागि :०१०-५६०४६९, ९८५११५०१११ मा कार्यालय समयमा सम्पर्क गर्न सक्नु हुनेछ ।

सुचनामा उल्लेख भए वाहेकका अन्य कुराहरु प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनोट तथा सिफारिस समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

(नोटः सम्बन्धित बिषयमा अनुभवीलाई प्राथमिकता दिईनेछ ।)